# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७६।१०।०८**

अमरगढी नगरपालिका/ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरण, डडेल्धुरा अन्तगरगत सञ्चालित तपसीलका खानेपानी तथा सरसफाइ योजनाहरुको लागि परियोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी तथा सरसफाई योजना निर्माणमा प्रयोग हुने आवश्यक निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गसूहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरवाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु :**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्गसूहरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति समुह/प्रति फारम रु **३,०००** अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) तिरी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५औं दिनको दिउसो १२.०० वजे भित्र सम्वन्धित नगरपालिकाको कार्यालय वाट खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको १६औं (सोह्रौं) दिनको दिउसो १२.०० वजे भित्र माथि उल्लेखित सम्बन्धित नगरपालिकको कार्यालयमा दर्ता गराउनु पर्नेछ, साथै दरभाउ पत्र खरिद गरेको सक्कलै रसिद वा सम्बन्धित नगरपालिकाको संचीत कोष खातामा रकम जम्मा गरेको सक्कलै भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी नगरपालिकाको नाम, उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३. सिलवन्धी दरभाउ पत्र पेशगर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई पेश गर्न सक्नेछ । सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२.०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले योजना नजीकको ट्रक जाने स्थान वा योजनास्थल सम्म ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछ । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५. उपरोक्त अनुसार प्राप्त भएका सिलवन्दी दरभाउपत्र पेश गर्ने १६औं दिन दिउसो दिनको २:०० बजे भित्र सम्वन्धित नगरपालिकाको कार्यालयमा, उ.स.खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा दररेट लेख्दा अँक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अँक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अँक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०. अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ

११. यो सूचनामा केहि सँसोधन गर्नु परेमा सो को सूचना सम्वन्धित नगरपालिका तथा गाउंपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

१२. एच.डि.पि.ई. पाईपको हकमा नेपाल गुणस्तर ४० को चौथो संसोधन अनुरुप उत्पादन भएको ( पि.इ.१०० को कच्चा पदार्थ प्रयोग भएको ) हुनुपर्ने छ र आवश्यक परेमा प्रमाणित ल्यावटेष्ट कागजात समेत उपलब्ध गराउनु पर्नेछ ।

१३. अन्य थप जानकारी चाहिएमा सम्बन्धित नगरपालिकाको कार्यालय वा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना डडल्धुराको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

तपसील:

| | | |
|---|---|---|
| नगरपालिकाको नाम | | अमरगढी नगरपालिका, डडेल्धुरा (९८४८८५१९९८ ) |
| बैंकको नाम : | | राष्टिय बाणिज्य बैक, डडेल्धुरा |
| अमरगढी नगरपालिका संचीत कोष खाता नं. | | ४०२०३०४०१४१२५ |
| सामग्री ढुवानी गर्नुपर्ने रोडहेड स्थान: पोखरा खानेपानीकोहकमा डडेल्धुरा सदरमुकाम बाट ७ कि.मि पोखरा बजार र फिन्नेकोट खानेपानीको हकमा डडेल्धुरा सदरमुकाम बाट १५ कि.मि रडुवा हुदै फिन्नेकोट गाउं सम्म | | |
| योजनाको नाम : | | |
| १. | पोखरा खानेपानी तथा सरसफाइ योजना, अमरगढी नगरपालिका वडा नं. ७, पोखरा, डडेल्धुरा | |
| २. | फिन्नेकोट खानेपानी तथा सरसफाइ योजना, अमरगढी नगरपालिका, वडा नं. ११, फिन्नेकोट, डडेल्धुरा | |

उ.स. संयुक्त खरिद व्यवस्थापन
समिति